मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
प्रादेशिक अस्पताल कलैया, बारा ।

करार सेवामा जनशक्ति व्यवस्थापन सम्बन्धमा

तेस्रो पटक प्रकाशन मितिः २०८३।०२।०६ गते

यस प्रादेशिक अस्पताल कलैया, बाराको लागि चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई आ व २०८२।०८३ को आषाढ मसान्तसम्मको लागि करार सेवामा कर्मचारी लिन मिति २०८३।०१।३० गते राष्ट्रिय गोरखापत्र दैनिकमा प्रकाशित गरिएको सूचनामा यस अस्पतालको मिति २०८३।०२।०५ गतेको पदपूर्ति समितिको निर्णय अनुसार देहाय अनुसारको संशोधित गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. मिति २०८३।०१।३० गतेमा राष्ट्रिय गोरखापत्र दैनिकमा प्रकाशित गरिएको सूचनामा परीक्षाको "छोटो सूची र अन्वार्ता" प्रकाशित गरिएकोमा हालको संशोधित व्यवस्था अनुसार आठौँ तहसम्मका पदहरुको छनोट प्रकृया "लिखित परीक्षा तथा अन्तवार्ता" मार्फत सञ्चालन गरिनेछ ।

२. नवौँ तहका पदहरूको हकमा भने पूर्वप्रकाशित सूचना बमोजिम "छोटो सूची र अन्वार्ता" को व्यवस्था यथावत् कायम रहनेछ ।

३. आवेदन फाराम बुझाउने अन्तिम मितिमा ७ (सात) दिन थप गरी मिति २०८३।०२।२० गते बुधबार अपरान्ह ३:०० बजेसम्म रहनुको साथै लिखित परीक्षा, अन्तर्वार्ता तथा परीक्षा केन्द्र सम्बन्धी मिति र स्थान तथा अन्य जानकारीका लागि यस अस्पतालको अधिकारिक वेबसाइट www.kalaiyahospital.gov.np मार्फत पछि प्रकाशन गरिनेछ ।